स्वीकृत मितिः २०८३/०४/२२ (मा. मन्त्रीस्तरीय)

# सामुदायिक विद्यालयमा पढदै कमाउँदै कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल

# सामुदायिक विद्यालयमा पढदै कमाउँदै कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३

कोशी प्रदेशका प्राविधिक विषय अध्यापन गराइने सामुदायिक विद्यालयमा पाठ्यक्रम बमोजिमको प्रयोगात्मक क्रियाकलापलाई प्रभावकारी बनाउन चालु आर्थिक वर्ष २०८३/०८४ मा सामाजिक विकास मन्त्रालयको स्वीकृत **पढदै कमाउँदै कार्यक्रम**को माध्यमबाट शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी विद्यार्थीहरूमा उद्यमशीलता, स्वावलम्बन, प्राविधिक सीप तथा व्यावसायिक सोच विकास गर्दै भविष्यमा उद्यमी, व्यवसायिक सीपयुक्त एवं स्वाबलम्बी नागरिक बन्न सहयोग पुऱ्याउन स्थानीय तहको लागत साझेदारीमा प्राविधिक विषय पठनपाठन हुने सामुदायिक विद्यालयमा **पढदै कमाउँदै** कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मार्गदर्शनको नाम " सामुदायिक विद्यालयमा पढदै कमाउँदै कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३" रहेको छ।

(२) यो मार्गदर्शन स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "इकाइ" भन्नाले कार्यक्रम अन्तर्गत विद्यालयमा स्थापना भएको उत्पादन इकाइ सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले चालु आ.व मा स्थानीय तहमा वित्तीय हस्तान्तरण भई यस मार्गदर्शन बमोजिम सञ्चालन गरिने पढदै कमाउँदै कार्यक्रमलाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "विद्यालय" भन्नाले कार्यक्रम सञ्चालनका लागि छनोट भएका प्राविधिक विषय अध्यापन गराइने सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले विद्यालय रहेको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(च) "सञ्चालन खाता" भन्नाले कार्यक्रम सञ्चालन गर्न स्थानीय तह तथा अन्य स्रोतबाट प्राप्त रकम आम्दानी जनाउन तथा खर्च गर्न विद्यालयले खोलेको बैंक खाता सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ।

३. **कार्यक्रम सञ्चालन हुने विद्यालयः** कोशी प्रदेशका प्राविधिक विषय पठनपाठन गराइने सामुदायिक विद्यालयमा कार्यक्रम सञ्चालन हुनेछ। मन्त्रालयबाट कार्यक्रम प्राप्त स्थानीय तहले आफ्नो स्थानीय तहभित्र प्राविधिक विषय पठनपाठन गराइने सामुदायिक विद्यालयहरु मध्ये विद्यार्थी संख्या, आवश्यकता र औचित्यताका आधारमा विद्यालय छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

४. **प्रस्ताव माग तथा अनुदान निकासाः** (१) कार्यक्रम कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रही मन्त्रालयले सम्बन्धित स्थानीय तहमार्फत अनुदान रकम उपलब्ध गराउनेछ।

(२) सम्बन्धित स्थानीय तहले मन्त्रालयबाट प्राप्त अनुदान रकममा स्थानीय तहको लागत साझेदारी रकम थप गरी निकासाका लागि पत्राचार गरी अनुसूची —१ बमोजिमको ढाँचामा विद्यालयसँग प्रस्ताव माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विद्यालयबाट प्राप्त प्रस्तावको अध्ययन गरी उपयुक्त देखिएमा विद्यालयसँग सम्झौता गरी अनुदान रकम विद्यालयको खातामा निकासा गर्नु पर्नेछ।

५. **स्थानीय तहले लागत साझेदारी गर्नु पर्नेः** कार्यक्रम सञ्चालनका लागि छनोटमा परेका स्थानीय तहले मन्त्रालयबाट विनियोजन भएको रकम बराबर लागत साझेदारी गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

६. **अनुदानका क्षेत्रहरूः** कार्यक्रम सञ्चालनका लागि छनोट भएका विद्यालयलाई आवश्यकताका आधारमा देहाय बमोजिमको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न रकम उपलब्ध गराइनेछः-

(क) कृषि (बाली विज्ञान/पशु विज्ञान/बागबानी),

(ख) इन्जिनियरिङ (सिभिल/इलेक्ट्रीकल/कम्प्युटर)

(ग) अन्य।

७. **इकाइको स्थापना गर्नेः** (१) विद्यालयले कार्यक्रमको कार्यान्वयनका लागि सम्बन्धित शिक्षक/प्रशिक्षक तथा विद्यार्थीहरूको सहभागिता रहने गरी एक इकाइको स्थापना गर्नु पर्नेछ।

उपदफा (१) बमोजिमको इकाइ प्रयोगात्मक उत्पादनलाई बजारसँग जोड्ने आय आर्जनको केन्द्रको रूपमा रहने छ।

८. **अनुदान रकम खर्च गर्न सक्ने क्षेत्रहरूः** (१) अनुदान प्राप्त गर्ने विद्यालयले स्थानीय तहसँग भएको सम्झौता अनुसार देहायको क्षेत्रमा अनुदान रकम खर्च गर्न सक्नेछः-

(क) इकाइका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामान खरिद गर्न,

(ख) कार्यक्रमको उद्देश्य अनुसार विद्यार्थीको सक्रियतामा विद्यार्थीले वस्तु वा सेवा उत्पादन गरी बिक्री वितरण तथा बजारीकरण गर्न,

(ग) उत्पादित सामग्रीको संरक्षणका लागि आवश्यक गोदाम व्यवस्थापन गर्न,

(घ) नियमित मर्मत सम्भार आवश्यक पर्ने उत्पादित सामग्रीको हकमा मर्मत सम्भार गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी प्रकृतिका भौतिक पूर्वाधार तथा संरचना निर्माणका लागि अनुदान रकम खर्च गर्न पाइने छैन।

(३) अनुदान प्राप्त गर्ने विद्यालयले आवश्यकता अनुसार उत्पादन कार्यमा संलग्न शिक्षक/प्रशिक्षक र विद्यार्थीले श्रम गरेबापत उनीहरूको खाना/खाजा, नास्ताका लागि अनुदान रकमको अधिकतम पन्ध्र प्रतिशत रकम खर्च गर्न सक्नेछ।

(४) अनुदान रकम खर्च गर्दा देहाय बमोजिमका शीर्षकका देहायबमोजिम विनियोजन गरी खर्च गर्नुपर्नेछ ।

| क्र.सं. | मुख्य शीर्षक | विवरण | विनियोजित रकम (रु.) | प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | औजार, उपकरण, वस्तु तथा सामान खरिद | प्राविधिक विधा (कृषि/इन्जिनियरिङ) का लागि आवश्यक मेसिनरी, औजार, सफ्टवेयर वा कच्चा पदार्थ (विउ, विजन, विरुवा लगायत....) खरिद। | अधिकतम ५००००० | ५०% |
| २ | उत्पादन, बिक्री तथा बजारीकरण | विद्यार्थीहरूको सक्रियतामा वस्तु वा सेवा उत्पादन गर्ने, प्याकेजिङ, ब्रान्डिङ र स्थानीय बजारसम्म ढुवानी गर्ने खर्च। | २५०००० | २५% |
| ३ | गोदाम तथा मर्मत सम्भार | उत्पादित सामग्री सुरक्षित राख्न र्‍याक वा अस्थायी भण्डारण व्यवस्थापन र मेसिनरीहरूको नियमित मर्मत सम्भार। | १००००० | १०% |
| ४ | खाना, खाजा तथा नास्ता खर्च | उत्पादन कार्यमा प्रत्यक्ष श्रम गर्ने शिक्षक/प्रशिक्षक र विद्यार्थीहरूका लागि अधिकतम १५% सम्म। | १५०००० | १५% |
| | **जम्मा बजेट** | | १००००० | **१००%** |

(५) उपदफा (४) बमोजिम औजार, उपकरण तथा सामग्री खरिद शीर्षकमा रकम खर्च गर्दा अनुसूची ३ बमोजिमका विषय क्षेत्रगत रुपमा दिइएको स्पेसिफिकेसन बमोजिम उल्लेखित उपकरण/ सामग्रीमा खर्च गर्नुपर्नेछ ।

९. **<u>विद्यार्थी र शिक्षक प्रोत्साहनः</u>** (१) कार्यक्रमबाट प्राप्त अनुदान रकमको उपयोग गरी उत्पादन भएका वस्तुको बिक्री वितरण तथा बजारीकरणबाट प्राप्त खुद् नाफाको अधिकतम असी प्रतिशत रकम

समितिको सिफारिसका आधारमा उत्पादन कार्यमा प्रत्यक्ष रूपले खटिएका विद्यार्थी तथा शिक्षक/प्रशिक्षकलाई प्रोत्साहन बापत उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यार्थी तथा शिक्षक/प्रशिक्षकलाई प्रोत्साहन बापत उपलब्ध गराएर बाँकी रहेको नाफा रकम विद्यालयको खातामा सुरक्षित गरी आगामी वर्षका लागि समेत कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ।

१०. **कार्यक्रम व्यवस्थापन समितिः** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः

(क) अध्यक्ष, विद्यालय व्यवस्थापन समिति — संयोजक

(ख) प्रधानाध्यापक, विद्यालय — सदस्य

(ग) विद्यालयमा प्राविधिक विषयमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट कम्तीमा एक छात्रा सहित दुई जना — सदस्य

(घ) प्राविधिक विषयतर्फको संयोजक — सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक भौतिक तथा प्राविधिक व्यवस्थापन गर्ने,

(ख) कार्यक्रमबाट सञ्चालित उत्पादन इकाइलाई आवश्यक सहजीकरण गर्ने,

(ग) यस मार्गदर्शन बमोजिम विद्यार्थी र शिक्षक/प्रशिक्षकलाई प्रदान गरिने प्रोत्साहन रकमको प्रतिशत निर्धारण गर्ने,

(घ) उत्पादित सामग्रीको बिक्री वितरणका लागि स्थानीय वा बाह्य बजारको खोजी गर्न सहयोग गर्ने,

(ङ) कार्यक्रममा भएको खर्च र आम्दानीको आर्थिक मार्गदर्शन अनुसार हिसाब राख्ने, राख्न लगाउने,

(च) कार्यक्रमबाट भएको आम्दानीबाट विद्यालयको विकास, विद्यार्थी कल्याण र कार्यक्रममा थप लगानी गर्ने रकम निर्धारण गर्ने।

११. **लेखाङ्कन र लेखा परीक्षणः** स्थानीय तह र विद्यालयले कार्यक्रमबाट प्राप्त रकमको प्रचलित कानून बमोजिम लेखाङ्कन र लेखा परीक्षण गराउनु पर्नेछ।

१२. **अनुगमन तथा निरन्तरताः** (१) मन्त्रालयले कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) सम्बन्धित स्थानीय तहले कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले आफूले गरेको अनुगमन तथा मूल्याङ्कनका आधारमा अनुसूची —२ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनसाथ दफा ४ को उपदफा (२) बमोजिम विद्यालयले स्थानीय तहसमक्ष पेस गरेको प्रस्तावको प्रमाणित प्रतिलिपिसमेत संलग्न गरी पठाउनु पर्नेछ।

१३. **प्रोत्साहन र निरन्तरताः** (१) कार्यक्रममा उत्कृष्ट नतिजा दिएका विद्यालयका लागि लाभ लागत विश्लेषणका आधारमा मन्त्रालयले थप प्रोत्साहनका कार्यक्रमहरू लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको लाभ लागत विश्लेषण तथा मन्त्रालयबाट गरिने अनुगमनका आधारमा कार्यक्रमको नतिजा सन्तोषजनक नदेखिएमा सम्बन्धित विद्यालयमा कार्यक्रमलाई निरन्तरताको सम्बन्धमा मन्त्रालयले पुर्नविचार गर्न सक्नेछ।

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस मार्गदर्शनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि विद्यालयले कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरू गर्दा प्रचलित सार्वजनिक खरिद कानूनसँग प्रतिकूल नहुने गरी गर्नुपर्नेछ।

१५. **वस्तु तथा सेवाको बिक्री मूल्य निर्धारणः** उत्पादन तथा सेवा इकाइबाट उत्पादित वस्तुहरूको बिक्री मूल्य निर्धारण गर्ने कार्यका लागि प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी स्थानीय उद्योग व्यवसाय र उत्पादकसँग समन्वय गरी गर्न सकिनेछ।

१६. **संशोधन तथा खारेजीः** यस मार्गदर्शनको आवश्यकता अनुसार संशोधन वा खारेजी गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ। कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन मार्गदर्शनको मूल उद्देश्यमा फरक नपर्ने गरी स्थानीय तहले थप कार्यविधि, कार्यप्रकृया स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछन् ।

सामाजिक विकास मन्त्रालय

## अनुसूची –१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**विद्यालयले स्थानीय तहसमक्ष पेस गर्ने प्रस्तावको ढाँचा**

**प्राविधिक धारका सामुदायिक विद्यालयमा कृषि विज्ञान पढदै कमाउँदै कार्यक्रमको अनुदानका लागि ............ विद्यालयबाट ............. समक्ष पेस गरिएको**

**कार्यक्रम सञ्चालन प्रस्ताव**

**१. विद्यालयको विवरण**

विद्यालयको नामः

ठेगानाः

जिल्लाः स्थानीय तहः वडा नं:

फोन नं: इमेलः

वेबसाइटः IEMIS कोडः

सञ्चालन भएको प्राविधिक विषयः

**२. विद्यालयको पूर्वाधारसम्बन्धी विवरण**

**२.१ जग्गा**

| क्र.सं. | कित्ता नं. | क्षेत्रफल | स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**२.२ भवन**

| क्र.सं. | भवन संख्या | | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | कच्ची | | | | |
| | पक्की | | | | |

**३. प्रयोगात्मक सामग्री सम्बन्धी विवरण**

| क्र.सं. | यन्त्र उपकरणको नाम | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रयोगमा रहेको | प्रयोगमा ल्याउन सकिने | प्रयोगमा ल्याउन नसकिने | |
| | | | | | |
| | | | | | |

४. अस्थायी संरचनासम्बन्धी विवरण

| क्र.सं. | विवरण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. शिक्षक/प्रशिक्षक/कर्मचारीसम्बन्धी विवरण (प्राविधिक विषयतर्फको मात्र)

| क्र.सं. | नाम | तह/श्रेणी | योग्यता | अनुभव वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. विद्यार्थी सम्बन्धी विवरण (प्राविधिक विषयतर्फको चालु र गत एक वर्षको)

| कक्षा | अघिल्लो शैक्षिक सत्र | | चालु शैक्षिक सत्र | | कैफियत |
|---|---|---|---|---|---|
| | भर्ना | अन्तिम परीक्षामा सहभागी संख्या | भर्ना | अन्तिम परीक्षामा सहभागी संख्या | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |

७. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पढ्दै कमाउँदै कार्यक्रम भए सञ्चालन हुँदै गरेका क्रियाकलापहरू

(क) ........................................

(ख) ....................................

(ग) ..................................

८. प्रयोगात्मक अभ्यासको क्रममा वस्तु तथा सेवाको परीक्षण उत्पादन भएको भए विवरण

(क) ................

(ख) ............

(ग) ...........

९. उत्पादित वस्तु तथा सेवाको बजारीकरणको अवस्था

.................................

१०. सम्बन्धित विषयको प्रयोगात्मक अभ्यासका लागि प्रयोगशाला कार्यशाला वा फिल्डको अवस्था

.....................

**११. देहायका शीर्षकमा औचित्यसहितको विवरणः-**

(क) विद्यालयमा सेवा तथा वस्तु उत्पादन गरी आय आर्जन गर्न सम्भव देखिएका सेवा तथा वस्तुको सूची

(ख) कार्यक्रममा सहभागी हुने इच्छुक विद्यार्थीको विवरण

(ग) सेवा तथा वस्तु उत्पादन गरी आय आर्जन गर्नका लागि आवश्यक पूर्वाधार तथा पूर्वाधार निर्माण संयोजन गर्ने योजना

(घ) प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण

(ङ) उल्लिखित कार्यक्रमका लागि स्थानीय तह एवं अभिभावकबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय

**प्रस्तावित कार्यक्रमका लागि पूर्वाधार निर्माण वा सञ्चालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको अनुमान सहितको कार्य योजना आवेदनका साथ राख्नु पर्नेछ।**

नाम................................

हस्ताक्षर............................

पदः प्रधानाध्यापक

मिति .....................................

नाम......................

हस्ताक्षर...............

पदः वि.व्य.स. अध्यक्ष

मिति ...................

<u>प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजात</u>

१. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धतासहितको निर्णय,

२. विद्यालयको नाममा रहेको जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपि वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा भए सम्झौता पत्रको प्रतिलिपि,

३. विद्यालयले रकम झिक्न प्रयोग गर्ने चेकको भित्री पानाको प्रतिलिपि,

४. अन्य आवश्यक कागजातहरू।

## अनुसूची —२
(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

**स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्ने अनुगमन प्रतिवेदनको ढाँचा**

**प्राविधिक धारका सामुदायिक विद्यालयमा प्रयोगात्मक उत्पादन प्रवर्धन कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा सामाजिक विकास मन्त्रालयसमक्ष पेस गरिएको**

**वार्षिक प्रतिवेदन**

१. कार्यक्रम सञ्चालन भएको विद्यालयको नाम, ठेगानाः

२. सञ्चालन भएको प्राविधिक विषयः

३. विद्यार्थी संख्याः

| | |
|---|---|
| महिला | |
| पुरुष | |
| अन्य | |
| जम्मा | |

४. प्राप्त अनुदान रकमः

| स्रोत | रकम |
|---|---|
| सामाजिक विकास मन्त्रालयबाट प्राप्त रकम | |
| स्थानीय तहबाट थप भएको रकम | |
| अन्य स्रोतबाट प्राप्त रकम | |
| कुल रकम | |

५. अनुदान रकमको खर्च सम्बन्धी विवरणः

| क्र.सं. | खर्च भएको क्रियाकलाप | खर्च सीमा | खर्च रकम |
|---|---|---|---|
| १. | उत्पादन इकाइका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामान खरिद | अधिकतम प्रतिशत | |
| २. | कार्यक्रमको उद्देश्य अनुसार विद्यार्थीको सक्रियतामा विद्यार्थीले वस्तु वा सेवा उत्पादन गरी बिक्री वितरण तथा बजारीकरण | अधिकतम प्रतिशत, | |
| ३. | उत्पादित सामग्रीको संरक्षणका लागि आवश्यक गोदाम व्यवस्थापन | अधिकतम प्रतिशत, | |
| ४. | नियमित मर्मत सम्भार आवश्यक पर्ने उत्पादित सामग्रीको हकमा मर्मत सम्भार | अधिकतम प्रतिशत | |
| ५. | श्रम कार्यमा संलग्न शिक्षक/प्रशिक्षक र विद्यार्थीको खाजा, नास्ता | अधिकतम प्रतिशत | |

६.	उत्पादनको बिक्रीवितरण तथा बजारीकरणबाट भएको खुद् नाफाको बाँडफाँटसम्बन्धी विवरण

| | |
|---|---|
| खुद् नाफा रकम | रू. |
| शिक्षक/प्रशिक्षक तथा विद्यार्थीले प्रोत्साहनबापत प्राप्त गरेको कुल रकम | रू. |
| (क) शिक्षक/प्रशिक्षकले प्राप्त गरेको रकम कुल रकम | रू. |
| (ख) विद्यार्थीले प्राप्त गरेको कुल रकम | रू. |
| खुद् नाफाबाट विद्यालयको खातामा थप गरेको रकम | रू. |

७.	लाभ लागत अनुपातः (खुद् नाफा/कुल लगानी) × १०० % = .................... %

८.	विद्यालयले कार्यक्रमसँग सम्बन्धित भई गरेको नवप्रवर्तनात्मक/सिर्जनात्मक कार्य र त्यसले पारेको प्रभावः

| क.सं. | नवप्रवर्तनात्मक/सिर्जनात्मक कार्यको विवरण | प्रभाव |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

९.	कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा रचनात्मक सुझाबहरू

(क) .........

(ख) ...........

(ग) ............

................ 
तयार गर्ने 
शिक्षा शाखा प्रमुख

..................... 
प्रमाणित गर्ने 
प्रमुख प्रशासकीय अधिकृत

सामाजिक विकास

# अनुसूची -३
(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

## १.कृषि विधा (Agriculture Sector) - विस्तृत आवश्यक उपकरण

### क. बाली विज्ञान (Plant Science)

*यस विधामा विद्यार्थीहरूले खाद्यान्न बाली, दलहन, तेलहन उत्पादन र माटोको उपचार सम्बन्धी व्यावसायिक सेवा दिन्छन र उक्त कार्यबाट आयआर्जन गर्छन ।*

| क.सं. | उपकरणको/सामग्रीको नाम |
|---|---|
| १ | मिनी पावर टिलर (Mini Power Tiller - 9 HP) |
| २ | डिजिटल माटो परीक्षण मल्टि-किट (Soil Lab) |
| ३ | व्यावसायिक बीउ ग्रेडिङ/सफा गर्ने मेसिन |
| ४ | पावर कर्न शेलर मेसिन (Corn Sheller) |
| ५ | डिजिटल अनाज नमी मापक यन्त्र (Moisture Meter) |
| ६ | कन्जुमेबल बीउ र जैविक मल (Seeds & Fertilizers) |
| ७ | अन्य आवश्यक उपकरण/ सामग्री |

### ख. पशु विज्ञान (Animal Science / Veterinary)

*यस विधामा कुखुरापालन, बंगुरपालन, गाईभैंसी पालन वा माछापालन मार्फत विद्यालय र विद्यार्थीले आम्दानी गर्न सक्छन्।*

| क.सं. | उपकरणको/सामग्रीको नाम |
|---|---|
| १ | स्वचालित डिजिटल इन्क्युबेटर (Egg Incubator) |
| २ | घाँस/पराल काट्ने मेसिन (Chaff Cutter) |
| ३ | दूध दुहने डबल बकेट मेसिन (Milking Machine) |
| ४ | व्यावसायिक दाना बनाउने मेसिन (Pellet Mill) |
| ५ | भेटेरिनरी एआई र मेडिकल किट (Veterinary Kit) |
| ६ | चल्ला (स्थानीय वजार र आवश्यकता बमोजिम सुँगुर, बाख्रा, बाछा, भुर्रा लयायतका ) तथा तिनीहरुका लागि प्रारम्भिक दाना/खाद्यान्न खरिद (Initial Birds & Feed) |
| ७ | अन्य आवश्यक उपकरण/ सामग्री |

### ग. बागबानी (Horticulture)

*यस विधामा विद्यार्थीहरूले बेमौसमी तरकारी खेती, फलफूलका कलमी बिरुवा उत्पादन र च्याउ खेती गरी आम्दानी गर्न सक्छन्।*

| क्र.सं. | उपकरणको/सामग्रीको नाम |
|---|---|
| १ | व्यावसायिक हाइटैक टनेल (GI Polyhouse Setup) |
| २ | स्वचालित थोपा सिँचाइ तथा फग्गर प्रणाली |
| ३ | प्याकिङ र भण्डारण कन्टिनर तथा र्‍याकहरू |
| ४ | व्यावसायिक च्याउ खेती स्टेरिलाइजेसन युनिट |
| ५ | बागबानी प्रुनिङ र कलमी किट (Horticulture Kit) |
| ६ | डिजिटल कमर्शियल तौल मेसिन (Weighing Scale) |
| ७ | कच्चा पदार्थ (Nursery Materials & Spawn) |
| ८ | अन्य आवश्यक उपकरण/ सामग्री |

## २. इन्जिनियरिङ विधा (Engineering Sector) - विस्तृत आवश्यक उपकरण

### क. सिभिल इन्जिनियरिङ (Civil Engineering)

*यस विधामा विद्यार्थीहरूले जग्गा नापी, नक्साङ्कन र कंक्रिट परीक्षण सेवा उपलब्ध गराउँछन्।*

| क्र.सं. | सामग्री / उपकरणको नाम |
|---|---|
| १ | डिजिटल टोटल स्टेशन (Digital Total Station) |
| २ | अटो लेभल मेसिन (Auto Level Machine Set) |
| ३ | डिजिटल डिस्ट्यान्स मिटर (Laser Distance Meter) |
| ४ | कंक्रिट क्युब मोल्ड (Concrete Cube Moulds) |
| ५ | इन्जिनियरिङ ड्रइङ बोर्ड र स्ट्यान्ड सेट |
| ६ | सुरक्षा सामग्री र फिल्ड गियर (Safety PPE Set) |
| ७ | अन्य आवश्यक उपकरण/ सामग्री |

## ख. इलेक्ट्रिकल इन्जिनियरिङ (Electrical Engineering)

*यस विधामा विद्यार्थीहरूले वायरिङ, मोटर वाइन्डिङ र उपकरण मर्मत सम्भारको काम गर्छन् र आयआर्जन गर्छन ।*

| क्र.सं. | सामग्री / उपकरणको नाम |
|---|---|
| १ | अटोमेटिक क्वाइल वाइन्डिङ मेसिन (Coil Winding Machine) |
| २ | इन्सुलेसन टेस्टर / मेगर (Digital Megger) |
| ३ | इम्प्याक्ट ह्यामर ड्रिल मेसिन (Heavy Duty Drill Machine) |
| ४ | डिजिटल क्ल्याम्प मिटर (Digital Clamp Multimeter) |
| ५ | इलेक्ट्रोनिक्स सोल्डरिङ स्टेशन (SMD Rework Station) |
| ६ | घरेलु र औद्योगिक वायरिङ तालिम वोर्कबेन्च (Workbench) |
| ७ | इलेक्ट्रिकल कमर्शियल टुल किट (Professional Tool Kit) |
| ८ | कन्जुमेबल कच्चा पदार्थ (Wiring Materials) |
| ९ | अन्य आवश्यक उपकरण/ सामग्री |

## ग. कम्प्युटर इन्जिनियरिङ (Computer Engineering)

*यस विधामा विद्यार्थीहरूले कम्प्युटर मर्मत, ग्राफिक्स डिजाइन, अनलाइन फाराम र प्रिन्ट सेवा दिन्छन् र सो बाट आयआर्जन गर्छन् ।*

| क्र.सं. | सामग्री / उपकरणको नाम |
|---|---|
| १ | High-End डेस्कटप कम्प्युटर (Design & Server PC) |
| २ | व्यावसायिक ३-इन-१ कलर इन्कट्याङ्क प्रिन्टर |
| ३ | नेटवर्क सर्भर र स्विचिङ टुल किट (Networking Setup) |
| ४ | कम्प्युटर HARDWARE मर्मत टुल किट (PC Toolkit) |
| ५ | स्मार्ट अनलाइन पावर ब्याकअप प्रणाली (UPS/Inverter) |
| ६ | फोटो स्टुडियो र डकुमेन्टेशन सेट (Studio Setup) |
| ७ | अन्य आवश्यक उपकरण/ सामग्री |

# Framework

The deployment of modern, industrial-grade practical learning infrastructure is fundamental to technical education. This document sets out the multi-layered technical specifications and comprehensive engineering cost estimates for crucial tools, machinery, and apparatus required to establish a fully compliant electrical laboratory facility.

To ensure transparency and compliance with public procurement standards, all parameters listed herein have been normalized to a single (1) unit base configuration, completely omitting the 13% Value Added Tax (VAT). These unit rates are benchmarked directly against the current market structure across Nepalese engineering trading networks

| ITEM NO. | DESCRIPTIO OF MAHIERY/EQUIPMENT | QUANTITY | BILLING UIT | UIT RATE(NPR) |
|---|---|---|---|---|
| 1 | Automatic Coil Winding Machine (Ceiling Fan/Motor) | 1 | Set | 48000 |
| 2 | Digital insulation tester/meer (5KV heavy duty) | 1 | Set | 24500 |
| 3 | Heavy Duty Impact Hammer Drill Machine (850W) | 1 | piece | 8500 |
| 4 | True RMS Digital Clamp Multimeter (600A Capacity) | 1 | piece | 6500 |
| 5 | Advanced SMD Rework & Soldering Station (ESD Safe) | 1 | Set | 11500 |
| 6 | Domestic & industrial Wiring Workbench Station) | 1 | unit | 35000 |
| 7 | Commercial Professional Electric Hand Tool Kit | 1 | Box | 7200 |
| 8 | Occupational Safety PPE Set & Industrial Field Gear | 1 | Set | 4500 |
| 9 | Consumable Wiring Material & Laboratory Bulk Lot | 1 | Lot | 55000 |

Total Amount in Words: Two Hundred Thousand Seven Hundred Nepalese Rupees Only.

## 1.2 Nepalese Market Sourcing Methodology

The pricing structure has been checked against industrial dealer responses in the Kathmandu Valley and the Morang/Biratnagar industrial belt. Most components are regularly imported from reputable manufacturing bases in India and China, while custom workbenches must be fabricated locally using domestic raw materials.

# 2. Fine-Grained Technical Specifications (Items 1-2)

### 2.1 Item 1: Automatic Coil Winding Machine अटोमेटक क्वाइल वाइन्डिङ मेसिन

This device is designed for precision winding of ceiling fan stators, small transformers, and fractional horsepower induction motor armatures. It must withstand continuous operational duties in institutional workshop environments.

| Parameter | Required Engineering Specification |
|---|---|
| Drive Type | Motorized automatic system with variable torque control |
| Counter Display | 5 Digit illuminated digital layout LED/LCD electronic counter. |
| Safety Mechanism | Auto stop trigger system activated instantly when the predefined turn count is reached. |
| Manual Override | Integrated manual hand lever for fine adjustments during winding. |
| Wire Diameter Range | Accommodates standard copper conductor diameters from 22 SW to 40 SWG |
| Winding Mandrel Sets | Supplied complete with ceiling fan winding die (modular configurations. |
| Power Input | Single phase AC 220V(±10%), 50z grid tied supply compatibility) |

## 2.2 Item 2: Digital Insulation Tester / Megger (इन्सुलेसिन टेस्टर / मेगर)

A thigh-voltage diagnostic electrical diagnostic instrument vital for validating insulation properties of **indoor** wiring installations, transformers, and industrial motor windings under high-stress conditions.

| Parameter | Required Engineering Specification |
|---|---|
| Test Voltage Level | Selectable output 250V, 500V, 2500V, upto 5000V (5KV) |
| Insulation Range | Measures insulation resistance upto 10Tera Ohms |
| Display Type | Digital LCD Readout with analog bar graph indicate for transient trends. |
| Voltage Gerard Circuit | Built in safety discharge indicator automatically triggering safe earthing posttest. |
| Safety Category Rating | IEC/ENN 61010-1 compliance certified, rated for CAT IV 600V environments. |
| Power Mechanism | Internal rechargeable battery unit with an integrated multi-voltage main charging module. |

# 3. Fine-Grained Technical Specifications (Items 3-5)

## 3.1 Item 3: Heavy Duty Impact Hammer Drill Machine

An essential structural installation tool designed to core through brick, structural masonry, wood frameworks, and metal panels for placing electrical conduits and switchboards.

| Parameter | Required Engineering Specification |
|---|---|
| Motor Wattage | Continuous duty industrial motor rated at minimum 850 Watts |
| Chuck Type & Capacity | 13mm reinforced keyed steel chuck with highly durable gripping jaws |
| Speed & Trigger | Variable speed dial control (0-3000RPM) with bi-directional rotation lock. |
| Impact Rate | Dual mode operation switch. Rotary drilling and high frequency impact hammer action. |
| Accompanying Accessories | Includes side stabilization handle, depth gauge and an industrial grade carrying case with multi size masonry/metal bit assortments. |

## 3.2 Item 4: True RMS Digital Clamp Multimeter

A professional, non-intrusive testing device designed to verify real-time load currents, system diagnostics, and supply harmonics without interrupting structural connections.

| Parameter | Required Engineering Specification |
|---|---|
| Measurement Engie | True Root Mean Square (RMS) computational metrics for non linear load structures. |
| Current Capacity | AC current clamping range extending safely up to 600 Amperes. |
| Voltage Tolerance | AD/DC voltage checking capabilities up to 1000 Volts. |
| Auxiliary Measurements | Resistance, continuity with acoustic signal, capacitance, and thermal logging. |
| Physical Jaw Opening | Minimum 30mm diameter opening with a structure shield panel. |

## 3.3 Item 5: Advanced SMD Rework & Soldering Station

A multi-functional thermal welding setup needed for troubleshooting, microcircuit diagnostics, and repairing electronic controller drives.

| Parameter | Required Engineering Specification |
|---|---|
| Electrostatic Safety | 100% ESD Safe architecture to shield sensitive electronic components from static damage. |
| Control Mechanism | Dual microcontroller PID closed loop heating cycles for thermal calibrations. |
| Temperature Ranges | Hot Air Gun: $100^0$ to $180^0$c; Micro Soldering Pen; $200^0$ C to $480^0$C. |
| Air Pump Delivery | Brushless fan delivery system providing up to 120 Liters/Minute maximum volume. |

# 4. Fine-Grained Technical Specifications (Items 6-7)

## Item 6: Domestic & Industrial Wiring Workbench Station

The central instructional structure for hands-on tasks, providing students with a workspace for house wiring configurations, industrial contactor control setups, and distribution board mounting.

| Parameter | Required Engineering Specification |
|---|---|
| Base Structure Frame | Seasoned local hardwood (Sal wood or treated equivalent steel support framework). |
| Insulating Worktop | Heavy wooden table surface layered with a 5mm minimum thick<br>non-conductive vulcanized rubber sheet. |
| Power Distribution | Built-in heavy-duty metallic power strip containing: 4 x 16A modular sockets and 4 x 5A utility outlets. |
| Safety Protection Panel | Integrated residual current breaker with overcurrent protection<br>(RCBO), 32A rating, 30mA leakage trip threshold. |
| Storage Capacity | Lower integrated wire racking system and lockable tool chests for hand tool security. |

## 4.2 Item 7: Commercial Professional Electrical Hand Tool Kit

A premium collection of high-grade insulated hand tools crucial for everyday laboratory wiring work, terminal connection tasks, and testing routines.

| Parameter | Required Engineering Specification |
|---|---|
| Electrical insulation | All primary hand tools certified and verified up to 1000V operational voltage safety limits. |
| Combination Pilers | 8-inch drop-forged chrome vanadium steel with high dielectric rubber insulation handles. |
| Wire Striper/Cutter | Precision adjustable automatic wire stripping tool covering core<br>sizes from $0.5mm^2$ to $Gmm^2$. |
| Crimping Apparatus | Heavy-duty ratcheting terminal lug crimping tool for reliable wire terminations. |
| Screwdriver Set | Insulated multi-bit set including Phillips (PHO, PH1, PH2) and Flathead sizes. |
| Carrying Enclosure | High-impact ABS polymer toolbox with organized lockable component slots. |

# 5. Fine-Grained Technical Specifications (Items 8-9)

## 5.1 Item 8: Occupational Safety PPE Set & Industrial Field Gear सुरक्षा सामग्री

Ensures students adhere to workplace safety protocols and standard industry site conditions during active live line testing and panel maintenance.

| Parameter | Required Engineering Specification |
|---|---|
| Safety Headgear | High density polyethylene (HDPE) industrial protective helmets compliant with ANSI Z89.1. |
| Footwear Security | Steel to leather safety boots equipped with anti-static and oil resistant soles. |
| Dielectric Gloves | Insulated rubber electrical gloves certified for up to 1000V operations. |
| High Visibility Gear | Reflective mesh vests with multi point utility pockets for quick tool access. |

## 5.2 Item 9: Consumable wiring Materials & Laboratory Bulk Lot

A Standardized startup materials bundle designed to supply a full training cycle with baseline components for layout training projects.

| Parameter | Required Engineering Specification |
|---|---|
| Conductor Supply | Multi strand copper flexible cables (1.5sq. mm, 2.5 sq mm, and 4.0 sq. mm) with N/I marking. |
| Conduit Networks | Heavy duty PV conduits (20mm, 25mm diameter) with matching bends, junctions, and saddles. |
| Switchgear Components | Assorted singe pole MCBs (6A, 16A, 32A), distribution boxes and industrial terminal block. |
| Utility Accessories | One-way switches, two-way staircase switches, batten lamp holders, and PCV board boxes. |

<u>Cost Estimate of machines, ools and PPE set</u>

| Sn | Description of Items | Specification | Unit | No | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| | का सामाग्री/उपकरण | | | | | | |
| 1 | Digital Total Station including battery, Battery charger,Prism,Prism poles,Tripod,Bipod | Angular accuracy=2",Laser Plumet,1GB Internal memory Magnification=30X | nos | 1 | 490429 | 490429 | |
| 2 | Auto Level machine set including Tripod stand and 5m levelling staff | Magnification = 32 X | nos | 1 | 42000 | 42000 | |
| 3 | Laser Distance Meter | Accuracy=+-lmm Measure distance upto 200m | nos | 1 | 7000 | 7000 | |
| 4 | 50m measuring tape | made of steel | nos | 1 | 3300 | 3300 | |
| 5 | Adjustable wooden drawing board | | nos | 1 | 4000 | 4000 | |
| 6 | T scale | | nos | 1 | 500 | 500 | |
| | कक्रिट परीक्षण सेववाका सामाग्री/उपकरण | | | | | | |
| 7 | Concrete cube moulds | 150mm*150mm heavy cast iron type | nos | 3 | 3200 | 9600 | |
| 8 | safety PPE Set | Reflective vests, safety helmets,steeltoe boots & gloves | nos | 1 | 4000 | 4000 | |
| | | | Total | | | 560829 | |

Amount in words: Five lakhs sixty thousand eight hundred twenty nine only

Notes:

1. Rates are based on online platform Daraz. Copies of rates are attached.
2. Rates of adjustable wooden drawing board Tscale and Safety PPE set are based on prevailing market rates.
3. Amount is without VAT, Transportation charge and Contractor's profit.

The list of market price and specification are attached with this report.

1. For Plant Science

| SN | Item | Name | Unit | Estimate price |
|---|---|---|---|---|
| 1 | Mini power tiller 9 hp | Heavy duty diesel engine, rotary cultivator and iron wheel sets | 1 | 70000-80000 |
| 2 | Digital soil test multi kit | Electronic NPK, pH, moisture and organic matter tester kit | 1 | 4000-6000 |
| 3 | Seed cleaner and grader | Seed cleaner and grader with blower system for cereal crops | 1 | 150,000-170000 |
| 4 | Power corn sheller | Electric motor driven high capacity maize de- graining machine | 1 | 2.2 kw 16000-<br>5.5 kw 60,000 |
| 5 | Digital Moisture meter | Multi-grain moisture analyzer for storage management | 1 | 32000-35000 |
| 6 | Seeds and fertilizer | High yield hybrid seeds, bio pesticides and organic Compost | 1 | |

2. Animal science/Veterinary

| SN | Item | Name | Unit | Estimate pricce |
|---|---|---|---|---|
| 1 | Automatic Egg incubator | Micro-computer temperature and humidity controlled, 1000 eggs capacity | 1 | 150000-180000 |
| 2 | Chaff Cutter | 3 hp electric motor driven commercial silage cutter with extra blade | 1 | 40000-45000 |
| 3 | Milking Machine | Double bucket stainless steel automatic vacuum milking system | 1 | 135000-160000 |
| 4 | Commercial pellet machine | Animal and poultry feed pellet making machine with multi dies | 1 | 120000 |
| 5 | Veterinary kit | Artificial Insemination guns, liquid nitrogen container, vaccination syringes | 1 | |
| 6 | Initial Birds and feed | Parent stock/day old chicks, starter feed and bio- security chemicals | 1 | |

3. Horticulture

| SN | Item | Name | Unit | Estimated price |
|---|---|---|---|---|
| 1 | GI polyhouse setup | GI pipes, 200 micron UV astatized plastic film (10x 30) cm, complete structural install | 1 | |
| 2 | Drop irrigation and foggers | Drop irrigation pipes, timers, foggers, filtration unit and 2000 L water tank | 1 | |
| 3 | Packing and storage racks | Industrial plastic crates, heavy storage racks for nursery and mushrooms. | 1 | |
| 4 | mushroom farming | High- capacity steam boiler and autoclave setup for mushroom substrate | 1 | |
| 5 | Horticulture kit | Professional grafting knives, pruning saws, shears and nursery tools | 1 | |
| 6 | Weighing scale | 300 kg heavy duty platform scale and 30 kg bench scale | 1 | 300 kg: 40000+30 kg: 8000-9000 |
| 7 | Nursery materials and spawn | Mushroom spawn, plastic bags, coco-peat, root hormones and exotic seeds. | 1 | |

Ministry of social development

Koshi province

Specification of machines and equipment

**1. Plant science**

1. Mini Power Tiller ( 9 HP)

| SN | equipment | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Make and model | ISO Certified Mini Tiller | |
| 2 | Engine and power | Forced air cooled, Diesel Engine, power 6.3 | |
| 3 | Speed | 3600 Rpm | |
| 4 | Mode of Transmission | Driven by gear system, Speed: 2 forward and 1 reverse and neutral | |
| 5 | Clutch | Friction weight type, Double clutch | |
| | Starting | Gear electric start with battery | |
| | Width of cut | 1200-1500 mm | |
| | Depth of cut | 120-150 mm | |
| | Gross Weight | Not less than 120 kg | |
| | Manual and documents | Test report or any documents to verify power of mini tiller, Related Mini tiller model should be stated on test report, | |
| 6 | Accessories parts and 1 set tool box tools | 1 set tool box | |
| 7 | Warranty | Minimum 1 Year | |

The estimated price for mini power tiller 9 hp is Rs 70000-80000.

2. Electronic Npk, pH, Moisture and organic matter test kit

| SN | Parameters | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Display | 3 inch TN LCD with backlight | |
| 2 | Platform dimensions | 170 x 93 x 29 mm | |
| 3 | Weight | 260-270 gm | |
| 4 | Power supply | 3-AAA batteries | |
| 5 | Humidity Range | 0-100% \| Accuracy: 0-53% (±3%) / 53100% \| Resolution: 0.1% | |
| 6 | Temperature range | -20$^0$ C to 60 $^0$ C I Accuracy: ±0.5 $^0$C I Resolution: 0.1 o c | |
| 7 | pH Range | 3-9 | |
| 8 | Npk range | 0-1999 mg/kg (mg/L) I Accuracy: ±2% FS I Resolution: 1 mg/kg | |

3. Seed Cleaner and Grader with blower system for cereals crops

| SN | Parameters | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Model | Any standard | |
| 2 | Capacity | 100-150 kg/hr | |
| 3 | Electric motor for cereal | 1 hp single phase@1440 rpm | |
| 4 | Electric Motor for blower | 1 hp single phase@2880 rpm | |
| 5 | Dimensions | 195 Cm H X 110 Cm W X 95 Cm L | |
| 6 | No. Of Screen | 3 No's ( Top, Middle and Bottom Screen) | |
| 7 | Main Screen Size | 2 No's- 250 mm X 500 mm | |
| 8 | 8Rescaling Screen Size | 1 No's- 250 mm X 250 mm | |
| 9 | Material | Mild steel | |
| 10 | Sheet gauge | 10-16 gauge | |
| 11 | Dimension of hopper | 400 x 500 mm | |
| 12 | Weight of platform | 34-36 kg approx. | |
| 13 | Dust collector type | Open Type | |
| 14 | Dust collector Dimension | 1250 H X 310 dia mm (Approx) | |
| 15 | No of outlets | 4 | |
| 16 | Weight | 190-210 kg approx | |
| 17 | Mcb | Mcb switch off | |
| 18 | Operating Voltage | 200 volt 50 hz | |

The estimated price for seed cleaner and grader is IRS 150,000- 170,000

4. Electric motor-driven high-capacity maize de-graining Machine

| SN | Requirements | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Processing capacity | 500 kg/hr. to 2,000 kg/hr. (Up to 2 Tons per hour | |
| 2 | Motor power | 2.2 kW to 5.5 kW (3 HP to 7.5 HP) | |
| 3 | Voltage and phase | 220 V (Single-phase) for smaller/farm setups; 380 V / 415 V (3-Phase) for industrial scale | |
| 4 | Motor Type | Heavy-duty, totally enclosed fan-cooled (TEFC) electric AC motor | |
| 5 | Shelling Mechanism | Rotating threshing drum with spiral pegs, blades, or rasp bars | |
| 6 | De-graining Efficiency | > 95% shelling rate with < 2% grain damage/breakage | |
| 7 | Cleaning System | Built-in centrifugal suction fan / winnower for automatic chaff and husk separation | |
| 8 | Materials | Heavy-gauge mild steel or stainless steel frame and hopper | |
| 9 | Weight | 60 kg to 180 kg depending on structural durability | |

This machine of 2.2 kw costs 16,000 , and for 5.5 kw costs up to 60,000/-

5. Multi-grain moisture analyzer for storage management

| SN | Features | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Display | 4 digital LCD | |
| 2 | Measuring range | 5-82 % | |
| 3 | Grain Species | Multi-grain moisture analyzer for storage management | |
| 4 | Operating conditions | Temperature 0-60$^{0}$ c Humidity 5-90 $^{0}$/0 | |
| 5 | Resolution | 0.1 | |
| 6 | Accuracy | +- 0.5 % n | |
| 7 | Memory | 240 sets | |
| 8 | Power supply | 4)<1 .5 AAA size (UM-4) batter | |
| 9 | Dimensions | 145mmx70mmx30mm | |
| 10 | Sensor | 280mm Needle 500mm Needle optional | |

The estimated price for Multi grain analyzer is up to Rs32000-35000.

6. High-yield hybrid seeds, bio-pesticides and organic compost

The basic knowledge about hybrid seeds, bio-pesticides and organic compost is not applicable for mechanical engineer.

**2. Animal Science/ Veterinary**

1. Electric Chaff Cutter Machine Specification 3hp with extra blades

| SN | Features | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Model | Down Motor type | |
| 2 | Motor | 3 hp induction, Indian motor | 2.23 kw |
| 3 | Gear Material | Cast Steel | |
| 4 | Cutting Blade | High Carbon Steel | |
| 5 | Steel Body | Mild steel | |
| 6 | Roller | 2 roller | |
| 7 | Flywheel | 36" Cast Iron or Carbon steel | |
| 8 | Blade size | | |
| 9 | Pulley | 10" | |
| 10 | Hopper size | W=12", L=24" steel and wooden | |
| 11 | Power Transmission | Motor belt or V belt drive | |
| 12 | weight | 110 -115 kg | With motor |
| 13 | Cutting Capacity | 150-250 kg/hr | |

The estimated price for chaff cutter is Rs 40,000-45,000

2. Egg Incubator Microcomputer temperature and humidity controlled, 1000 eggs capacity

| SN | Features | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Capacity | 1000 chicken eggs | |
| 2 | Power supply | 220-230v, 50/60 | |
| 3 | Power consumption | 800-1000w | |
| 4 | Temperature range | 34-38$^{\circ}$ C | |
| 5 | Made | High density insulation/Hylum Steel | |
| 6 | Egg Turning | Automatic Tilt Mechanism | |
| 7 | Size | 115 cm x 75 cm x 100 cm | |

The approx. price for egg incubator cost Rs 150,000- 180,000

3. Double Bucket stainless steel automatic vacuum milking system

| SN | Features | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Milking Capacity | 20-25 cows per hour | |
| 2 | Buckets | Two 251 and 30 L 304 | |
| 3 | Vacuum pump | 200-300 1/min dry vane rotatory pump | |
| 4 | Vacuum pressure | 40-50 Kpa | |
| 5 | Motor | 1—1.5 HP electric motor (single-phase, 220V, 50Hz). | |
| 6 | Frame | Heavy-duty, stainless-steel chassis with rubber wheels for high mobility. | |
| 7 | Weight | 90-120 kg | |
| 8 | Dimensions | 80x100x110 cm | |

The estimated price is Rs 135,000- 160,000.00

4. **Horticulture**

1. GI polyhouse setup
2. Drop irrigation pipes, timers, foggers,, filtration unit and 2000 L Water tank
3. Industrial Plastic Crates, Heavy storage racks for nursery and mushrooms
4. High Capacity steam boiler and autoclave setup for mushroom substrate
5. Professional grifting knives, pruning saws, shears and nursery tools
6. 300 kg heavy duty platform scale and 30 kg bench scale For 300 kg heavy duty platform scale

| SN | Features | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Capacity | 300 kg | |
| 2 | Precision/Accuracy | 20-100 gm increments | |
| 3 | Platform size | 600 x 600 or similar | |
| 4 | Load cell | High precision grain gauge with overload protection | |
| 5 | Display | LED/LCD dual display for front and back | |
| 6 | use | Designed for larger, heavy freight and bulk good | |

- For 30 kg bench scale

| SN | Features | Specifications | Remarks |
|---|---|---|---|
| 1 | use | Built for lighter inventory, food packaging, portion control, and shipping | |
| 2 | Capacity | 30 kg | |
| 3 | Precision/Accuracy | 1-5 gm increments | |
| 4 | Platform size | 300 x 300 or similar | |
| 5 | Material | Stainless steel | |
| 6 | Other features | Parts counting, checking weight alarms, and multi-unit switching (kg, g, lbs, oz) | |

The price for 300 kg heavy duty platform scale costs approx. 40000+ And 30kg bench scale cost Rs 8000-9000.

7. Mushroom spawn, plastic bags, coco-peat, root hormones ad exotic seeds.

Other machines and materials in this group are not applicable for mechanical engineering. As they are form Horticulture sector. A mechanical engineer has very low knowledge about these machines.

5. **Animal and poultry feed pallet making machine with multi-dies**

| SN | Features | Specifications | Remarks |
|---|---|---|---|
| 1 | Model | SZLH250 | |
| 2 | Capacity | 1-1.5 t/h | |
| 3 | Power | 22 kw | |
| 4 | Feeder power | 1.1 kw | |
| 5 | Ring die inner diameter | 250 mm | |
| 6 | Finished pellet dia | 2-12 mm | |
| The price for this machine is Rs 120,000.00 | | | |

6. Veterinary Kit- Artificial Insemination guns, liquid nitrogen container, vaccination syringes
7. Parent stock/day-old chicks, starter feed and bio-security chemicals

These machinery and equipment's are pure from veterinary sector and is not applicable for mechanical Engineering.

## Computer Engineering Materials Technical Specifications & Cost Estimation (NPR)

| SN | Item / Equipment Name | Minimum Technical Specifications | Estimated quantity | Unit Price (NPR) | Total Amount (NPR) |
|---|---|---|---|---|---|
| 1 | High-End Desktop PC (Design & Server PC) | CPU: Intel Core i7 13th Gen / AMD Ryzen 7 7000 Series<br>RAM: 16 GB DDR5 / DDR4<br>Storage: 512 GB NVMe M.2 SSD<br>Graphics: 4 GB Dedicated GPU (NVIDIA GTX/RTX Series)<br>Display: 24" FHD IPS Monitor<br>Peripherals: Mechanical/Standard Keyboard, Optical Mouse, Cabinet with 550W PSU | 1 Set | 195,00 | 195,000 |
| 2 | Professional 3-in-1 Color Ink Tank Printer | Functions: Print, Scan, Copy<br>Type: Heavy-duty Color InkTank System<br>Connectivity: Wi-Fi, Ethernet, USB<br>Features: Auto-Duplex printing, Auto Document Feeder (ADF) | 1 Set | 40,000 | 40,000 |
| 3 | Networking Tool Kit & Setup | Switch: 24-Port Gigabit Rackmount Switch (TP-Link/D-Link)<br>Cable: 1 Roll CAT6 UTP Cable Box (305 meters)<br>Accessories: 100x RJ45 Connectors, Network Cable Tester, Heavy-duty Crimping Tool, Wire Stripper | 1 Set | 35,000 | 35,000 |
| 4 | Computer Hardware Repair Toolkit | Included Items: Anti-static grounding mat & wrist strap, Precision screwdriver set, Thermal paste (high conductivity), Digital multimeter / component tester, Cable ties, Cleaning blower & brush set | 1 Set | 20,000 | 20,000 |
| 5 | Smart Online Power Backup System | Inverter/UPS: 1.5 KVA Pure Sine Wave Inverter<br>Batteries: 2x 150Ah Tall Tubular Inverter Batteries | 1 Set | 100,000 | 100,000 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | Protection: Short circuit, Overload, & Deep Discharge protection | | | |
| 6 | Photo Studio & Documentation Set | Camera: Entry-level DSLR/Mirrorless Kit<br>Lighting & Backdrop: Softbox/Umbrella light setup with stands, Green/White/Black fabric backdrops with frame | 1 Set | 100,000 | 100,000 |
| 7 | Misc. Consumables & Accessories | Power extension boards, HDMI/VGA cables, paper reams, extra printer ink sets | Lump Sum | 10,000 | 10,000 |
| | | | | **Grand Total (Estimated)** | 500,000 |